बैठक मितिः २०८१/०९/२५

बैठक सङ्ख्याः २७

छलफल तथा निर्णयः

१. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको पत्रबाट ब.उ.शी.नं. ३४०००१०३ बाल सुधार गृह भवन निर्माण कार्यक्रमका लागि ४१ करोड ९ हजार ५ सय बराबरको स्रोत सहमतिको लागि आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३(२) अनुसार पठाईएकोमा अर्थ मन्त्रालयको च.नं. ६१४ मिति २०८१/९/१४ को पत्रबाट सोही मापदण्डको दफा ३(३) अनुसार स्रोत सहमति प्राप्त भएकोले आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३(४) अनुसार बहुवर्षीय ठेक्का सहमति प्रदान गर्ने।

२. शहरी विकास मन्त्रालयको पत्रबाट ब.उ.शी.नं. ३४७०१११७, श्रीमहल भवन पुनर्निर्माण गर्ने कार्यको लागि रू ८९ करोड रकम बराबरको स्रोत सहमतिको लागि आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३(२) अनुसार पठाईएकोमा अर्थ मन्त्रालयको च. नं. ६४१ मिति २०८१/९/१८ को पत्रबाट सोही मापदण्डको दफा ३(३) अनुसार स्रोत सहमति प्राप्त भएकोले आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ३(४) अनुसार बहुवर्षीय ठेक्का सहमति प्रदान गर्ने।

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०८१।०४।२९ को सचिवस्तरीय निर्णय अनुसार कालिकोट जिल्ला महावै गाँउपालिका वडा नं. ७ स्थित कोटखौलमा निर्माण गरिने प्रशासकीय भवन निर्माणको लागि ०.६६१३ हेक्टर जग्गा भोगाधिकारको लागि अनुरोध भै आएकोमा आयोग बैठकमा छलफल हुँदा आयोजना वर्गिकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० बमोजिम राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना निर्धारण गर्ने।